रामारोशन गाउँपालिका

# रामारोशन राजपत्र

## रामारोशन गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या १२ चैत्र २० गते, २०७८

### भाग १

### रामारोशन गाउँपालिकाको सूचना

नेपालको संविधान धारा २२६ को उपधारा (२) बमोजिम निर्माण गरिएको सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

## संवत् २०७८ को ऐन नं. १२

## केहि स्थानीय ऐन संशोधन गर्न बनेको ऐन २०७८

**प्रस्तावना:** प्रचलित स्थानीय ऐनमा समसामयिक सुधार गर्न केहि स्थानीय ऐनलाई सुधार गर्न वाञ्छनीय भएकाले,

रामारोशन गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. <u>संक्षिप्त नाम प्रारम्भः</u>** (१) यस ऐनको नाम “केहि स्थानीय ऐन संशोधन गर्न बनेको ऐन २०७८” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>रामारोशन गाउँपालिकाको सहकारी ऐनमा संशोधनः</u>**

(१) दफा ७ पछि देहायको व्यवस्था थप गरिएको छ ।

**७ क. <u>सुचिकरण गर्नु पर्नेः</u>** (१) यस गाउँपालिका क्षेत्र भित्र कार्य क्षेत्र भई यो ऐन लागु हुनु पूर्व दर्ता भएका सहकारीहरुले तोकिए बमोजिमका कागजातहरु र शुल्क सहित गाउँपालिकामा सुचिकृत हुनु पर्नेछ ।

(२) यस ऐन बमोजिम दर्ता तथा सुचिकरण भएका सहकारी संस्थाहरुले तोकिए बमोजिम बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ ।

(२) दफा ६६ को उपदफा (३) खण्ड क मा दुई बर्षको भन्ने शब्दको सट्टामा तीन बर्ष राखिएको छ ।

(३) दफा ८० को उपदफा १ मा देहाय बमोजिमको भन्ने शब्दको ठाउँमा संघीय कानून बमोजिम राखिएको छ र उक्त दफाको अन्य सबै व्यवस्था हटाईएको छ ।

(३) दफा ८५ को सबै व्यवस्था हटाईएको छ ।

(५) दफा ९९ पछि देहायको व्यवस्था थप गरिएको छ ।

**९९ क.** (१) गाउँपालिकामा सहकारी संस्था विकास, प्रवर्द्धन गर्नका लागि देहाय बमोजिमको एक गाउँपालिका सहकारी समिति रहेनछ ।

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) गाउँ कार्यपालिकाले तोकेका महिला सहित दुई जना गाउँ कार्यपालिकाको सदस्य -सदस्य

(घ) सहकारी क्षेत्रमा क्रियाशिल संस्था वा व्यक्तिहरु





मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेका कम्तीमा दुई जना - सदस्य

(ङ) दलित, जनजाती, महिला तथा बिपन्न समुदायको प्रतिनिधित्व हुने गरी सहकारीका शेयर सदस्यहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेका ३ जना ।

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(छ) सम्बन्धित शाखाको प्रमुख - सदस्य सचिव

(२) गाउँपालिका सहकारी समितिको काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

**९९ ख. <u>गाउँ सहकारी संघ गठनः</u>** (१) गाउँपालिकामा कार्यरत सहकारी संस्थाहरुले आपसी सिकाइ आदान प्रदान तथा सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि गाउँपालिका स्तरीय एक सहकारी संघ गठन गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम गठित सहकारी संघको गठन तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**३. <u>न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐनमा संशोधनः</u>**

(१) दफा ७ को खण्ड (क) मा सबै पक्ष भन्ने शब्द झिकी कुनै एक पक्ष भन्ने शब्दावली राखिएको छ भने सो खण्डको अन्त्यमा र चल अचल सम्पत्ति समावेश भएको हकमा उक्त सम्पत्ति नगरपालिकाको भौगोलिक क्षेत्र भीत्र रहेको भन्ने वाक्यांश थप गरिएको छ ।

(२) दफा ७ को खण्ड (ख) र (घ) हटाईएको छ ।

(३) दफा ८ को उपदफा (६) र (७) मा देहायको व्यवस्था थप गरिएको छ ।

१. न्यायिक समितिको क्षेत्राधिकार भीत्र रहेको विवादहरु मेलमिलाप प्रयोजनका लागि न्यायिक समितिले

सुचिकृत गरेका मेलमिलाप केन्द्रमा समेत दर्ता गर्न सकिनेछ । यसरी दर्ता भएका विवादहरुलाई सम्बन्धित मेलमिलाप केन्द्र मार्फत न्यायिक समितिमा दर्ता कायम गरी मेलमिलाप शत्र संचालनका लागि अनुसूची १ख को ढाँचामा न्यायिक समितिको अनुमति लिनु पर्नेछ। यस सम्बन्धि थप कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

२. मेलमिलाप केन्द्रमा दिईने निवेदनको ढाँचा अनुसूची १ क बमोजिम हुनेछ

(४) दफा २० को उपदफा (७) मा देहायको व्यवस्था थप गरिएको छ ।

१. बिपक्षीका नाममा जारी गरिएको म्याद सूचना बुझिलिएको भर्पाईको ढाँचा अनुसुची ६ क बमोजिम हुनेछ ।

(५) दफा ४३ को उपदफा (३) मा देहायको व्यवस्था थप गरिएको छ ।

१. प्रारम्भीक सुनुवाई छलफलको अभिलेख ढाँचा अनुसुची ७ (क) बमोजिम हुनेछ ।

(६) दफा ५० को खण्ड (थ१) मा देहायको व्यवस्था थप गरिएको छ ।

१. मेलमिलाप केन्द्रमा दर्ता भएका विबाद न्यायिक समितिको क्षेत्राधिकार भित्रको बिषय भए नभएको हेरी मेलमिलाप अनुमतिका लागि लागि संयोजक समक्ष पेश गर्ने र मेलमिलाप केन्द्रलाई सोको व्यहोरा जानकारी पठाउने ।

(७) दफा ५४ को खण्ड (१क) मा देहायको व्यवस्था थप गरिएको छ ।





१. उपदफा (१) बमोजिम मेलमिलाप गराउदा न्यायिक समितिले आफुले सुचिकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्नेछ ।

(८) दफा ६५ को उपदफा (१) मा अनुसुची ११ क बमोजिमको व्यहोरा जनाई भन्ने शब्दावलीहरु व्यवस्था थप गरिएको छ ।

(९) दफा ६५ को खण्ड (५) मा देहायको व्यवस्था थप गरिएको छ ।

१. मेलमिलाप केन्द्रमा विवाद दर्ता भई समितिको अनुमति लिई समाधान भएको बिवादमा पक्षहरुले न्यायिक समिति समक्ष उपस्थित हुन पर्ने छैन ।

(१०) दफा ६९ को उपदफा (१) मा अनुसुची ११ ख को ढाँचामा भन्ने शब्दावलीहरु व्यवस्था थप गरिएको छ ।

(११) दफा ७१ बाट देहायको व्यवस्था हटाईएको छः

तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा रु ५००।-/५००।- लिन पाउनेछन ।

(१२) दफा ७२ को सबै व्यवस्था हटाई सोको स्थानमा देहायको व्यवस्था राखिएको छ ।

७२. मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापनः (१) न्यायिक समितिले प्रत्येक वडामा कम्तीमा एक एक वटा मेलमिलाप केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) न्यायिक समितिले सुचीकृत गरेका मेलमिलापकर्ताहरुले मेलमिलाप केन्द्र संचालनका लागि अनुरोध गरेमा न्यायिक समितिले केन्द्र संचालनका लागि कार्यपालिकाको निर्णयमा संचालन अनुमति दिनेछ ।

(३) मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धि अन्य कार्यबिधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(१३) ऐनमा संलग्न सबै अनुसुचीहरु संशोधन गरिएका छन् ।

आज्ञाले,
राम बहादुर भण्डारी
प्रमख प्रशासकीय अधिकृत